व्याँस गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सुन्सेरा दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

फोन नं. ९८४८९००१२२,९८४८६५८४११
फ्याक्स नं.
web: www.vyansmun.gov.np
email :itovyansmun@gmail.com
infovyansrm@gmail.com

प.सं. : ०७७/७८-प्रशासन
च.नं. :

मितिः २०७७।०९।२८

सेवा करारका लागि पदपूर्ति सम्वन्धि पहिलो पटक प्रकाशित सूचना

प्रस्तुत विषय सम्वन्धमा यस व्याँस गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा बाली विकास कार्यक्रम र पशु विकास कार्यक्रम सञ्चाल गर्नकालागि देहाय बमोजिमका पदहरुमा कृषि/पशु सेवा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग भएका विवरणहरु र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ ।

पद सम्वन्धि विवरणः

क्र.स.	विज्ञापन न	पद	समुह/उपसमुह	तह	माग पद संख्या
१	१५/०७७-०७८	ना.प्रा.स.	कृषि प्रसार	सहायक चौथा	१(एक)
२	१५/०७७-०७८	ना.प.से.प्रा./ना.प.स्वा.प्रा.	पशु सेवा/पशु स्वास्थ्य	सहायक चौथा	३(तिन)

आवश्यक न्युनतम योग्यताः

- **कृषि प्राविधिकको लागिः** मान्यता प्राप्त शिक्षण संस्था बाट SLC/SEE उत्तिर्ण गरि न्यूनतम एक वर्षे JTA(बालि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिइ TSLC उत्तिर्ण गरेको ।
- **पशु सेवा /पशु स्वास्थ्य प्राविधिकको लागिः** मान्यता प्राप्त शिक्षण संस्था बाट SLC/SEE उत्तिर्ण गरि न्यूनतम एक वर्षे JTA(पशु विज्ञान) तालिम प्राप्त वा भेटेरिनरी विषय लिइ TSLC उत्तिर्ण गरेको ।

छनौट विधिः लिखित, अन्तर्वार्ता

दरखास्तको माध्यमः ईच्छुक आवेदकले तपशिलमा उल्लेख भए बमोजिमको परिक्षा दस्तुर रकम जम्मा गरेको भौचर रसिद साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभव आदिको प्रमाणपत्रको स्वयम् द्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रितपूर्वको आवेदन फारम भरी यस गाउँपालिकाको प्रशासन शाखामा आवेदन दिनुपर्नेछ ।

उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । तर महिला र अपाङ्गको उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । साथै अन्य प्रचलित कानून बाट अयोग्य नभएको हुनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मितिः २०७७।१०।१३ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

दरखास्त दस्तुरः रु १०००(एक हजार मात्र)

दरखास्त दस्तुर बुझाउने स्थानः व्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा दार्चुला

परीक्षा मितिः परिक्षा मितिको लागि अर्को सूचना प्रकाशित गरिनेछ ।

कार्य अवधि र सेवा सुविधाः कार्य अवधि २०७८ असार मसान्त सम्म र सेवा सुविधा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

कार्यक्षेत्रः कृषि सेवाका लागिः व्याँस गाउँपालिका वडा नं ३ सिना र पशु सेवाकालागि व्याँस गाउँपालिका वडा नं १,३ र ६ का लागि ।

पुनश्चः सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछ ।

नोटः थप जानकारीका लागि ९८४८९००१२२ , ९८४१८१६६७५ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

शेखर चन्द्र ओझा
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत